मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अबैध भरुवा बन्दुकसहित एकजना पक्राउ

हेटौंडा, ३० जेठ/मकवानपुरको ईन्द्रसरोबर गाउँपालिका-५ मा अबैध भरुवा बन्दुकसहित एकजना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरअन्तर्गतको इलाका प्रहरी कार्यालय भीमफेदीबाट खटिएको प्रहरी टोलीले जेठ २९ गते राति विशेष सूचनाको आधारमा खानतलासी गर्दा भरुवा बन्दुक बरामद गरेको हो ।

यसक्रममा ६० वर्षीय स्थानीय बासिन्दा साङदोर्जे लामाको घरमा रितपूर्वक खानतलासी गर्दा अबैधरुपमा राखिएको एक थान भरुवा बन्दुक फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए । पक्राउ परेका लामालाई हातहतियार तथा खरखजना सम्बन्धी कसुरमा नियन्त्रणमा लिई आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# पाँचवर्ष बित्दा पनि बगमती प्रदेशसभा भवन अलपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/बागमती प्रदेशको नीति निर्माण केन्द्रको रुपमा रहेको प्रदेशसभा भवन अझै निर्माण सम्पन्न हुन सकेको छैन ।

५ वर्षअघि अस्थायी प्रयोगका लागि भनिएको भवन अझै पनि काम सम्पन्न नहुँदा सांसदहरु संघीय सरकार मातहतको पुरानो साँघुरो भवनमा बैठक बस्न बाध्य छन् । वि.सं २०७४ फागुन १४ गतेबाट पहिलो बैठक बसेको बागमती प्रदेशसभाले आफ्नो छुट्टै भवनको आवश्यकता महसुस गर्दै २०७७ मंसिर १० गते अस्थायी संरचना निर्माणको शिलान्यास गरेको थियो । प्रारम्भिक चरणमा अर्घाखाँची-सगुन-पारामाउण्ट जेभीले २०७७ कार्तिक १९ गते १८ महिनाभित्र निर्माण सक्ने सर्तमा ४ करोड ९४ लाख ९ हजार ९ रुपैयाँमा ठेक्का पाएको थियो । तर, तोकिएको समयमै काम सम्पन्न गर्न नसक्दा प्रिफ्याव संरचनाको काम ढिलोगरी सम्पन्न भयो ।



यसपछि भवनको आन्तरिक सजावट तथा थप संरचना विस्तारका लागि २०८० फागुन २३ गते सिउँडी निर्माण सेवासँग ३ करोड ५३ लाख ६१ हजार ५ सय ८३ रुपैयाँमा नयाँ सम्झौता गरियो । सचिवालयका अनुसार हाल हेटौंडा उपमहानगरपालिका-१० मा सञ्चालित अस्थायी प्रदेशसभा सचिवालयकै परिसरभित्र प्रिफ्याबबाट निर्माण भइरहेको भवनको संरचना निर्माण सकिए पनि अझै फर्निचर तथा विद्युतीय उपकरण जडानको काम बाँकी छ । फर्निचर तथा फर्निसिङ कार्यका लागि सिउँडी इन्टरनेशनल प्रालिसँग २ करोड २४ लाख ७३ हजार रुपैयाँको लागतमा २०८१ फागुन ४ गते ठेक्का सम्झौता गरिएको थियो ।

तीन महिनाभित्र काम सम्पन्न गर्ने शर्त राखिएको भए पनि जेठ ४ गतेसम्म पनि काम नसकिएको प्रदेशसभा सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले जानकारी दिए । सरकारले स्थायी संरचना बनाउन नसकेपछि अस्थायी भवन निर्माण अघि बढाइएको हो । तर, पाँचवर्ष बित्दा पनि अस्थायी भवनमै काम अगाडि नबढ्दा सांसदहरुले अझै पनि संघीय सरकार मातहतको तत्कालीन मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको पुरानो भवनमा साँघुरो अवस्थामा बैठक बस्नुपरेको छ ।

प्रदेशसभा सदस्यको संख्या ११० रहेको भए पनि हालको सभाहल निकै साँघुरो छ । धेरै कुर्सी राखिएकाले बैठकमा सहभागी हुन, हिँडडुल गर्न र सहज बसाइको व्यवस्था मिलाउन गाह्रो परेको प्रदेशसभा सदस्यको गुनासो छ ।

बागमती प्रदेश सरकारका पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले एकीकृत प्रादेशिक संरचना निर्माण गर्दा मुख्यमन्त्री कार्यालय तथा मन्त्रालयहरु रहने हाताभित्रै प्रदेशसभा भवन निर्माणको योजना बनाए । योजनाअनुसार प्रक्रिया पनि अघि बढाइयो । प्रदेशसभाको पहिलो कार्यकालको सुरुवातदेखि नै प्रदेशसभाका सदस्यले प्रदेशसभा बैठक, राजनीतिक दलको संसदीय दलको कार्यालय र प्रदेशसभाको सचिवालय सञ्चालन गर्न पर्याप्त नभएको, अव्यवस्थित र साँघुरो भएको भन्दै नयाँ भवन निर्माण गर्न माग गर्दै आएका थिए ।

प्रदेशसभाका सदस्यले अघिल्लो कार्यकालमा बसेको १० वटा अधिवेशनमध्ये अधिकांश अधिवेशनका बैठकमा प्रदेशसभा भवनमा सर्प आउने, लामखुट्टे लाग्नेलगायत साँघुरो र अव्यवस्थित भएको भन्दै नयाँ भवन बनाउन मागसहितको आवाज उठाउँदै आएका थिए । प्रदेश सरकारले स्थापनाको ७ वर्षसम्म भाडाका घर र संघीय सरकारका पुराना कार्यालयबाट कार्यसञ्चालन गर्नु बाहेक आफ्नै थलो निर्माण गर्न सकेको छैन । बागमतीमा ७ वर्षभित्र ५ जना मुख्यमन्त्री र ८० जना भन्दा बढी मन्त्री भइसकेका छन् ।

११० सदस्यीय प्रदेश सभामा सत्तारुढ दलका प्रत्यक्ष र समानुपातिकतर्फका ६४ सांसद छन् । जसमा सरकारको नेतृत्व गरिरहेको कांग्रेसका ३७ र एमालेका २७ सांसद छन् । प्रतिपक्षातर्फ माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ सांसद रहेका छन् ।

# हेटौंडा उपमहानगरमा तामाङ र नेवारी भाषा अनिवार्य

## सार्वजनिक जग्गा संरक्षणमा कडाइ

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/हेटौंडा उपमहानगरपालिकाले आगामी २०८२ साल श्रावण १ गतेदेखि नगर पालिका अन्तर्गतका सम्पूर्ण कार्यालयमा तामाङ र नेपाल (नेवारी) भाषा अनिवार्य रुपमा प्रयोग गर्ने निर्णय गरेको छ ।

उपमहानगरपालिकाको ६७ औं कार्यपालिका बैठकले वडा कार्यालय, स्वास्थ्य संस्था तथा सेवा केन्द्रहरुको साइनबोर्ड, लेटरप्याड र अन्य आधिकारिक कागजातहरुमा यो नियम लागू गरिएको उपमहानगरका प्रवक्ता सविन न्यौपाने जानकारी दिएका छन् । यस कदमले स्थानीय मातृभाषा संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्य राखेको नगरप्रवक्ता न्यौपानेले बताएका छन् । मातृभाषामार्फत सेवाप्रवाह गर्दा स्थानीयले सहजरुपमा सेवा प्राप्त गर्न सक्ने विश्वास उपमहानगरपालिकाले लिएको छ ।



त्यसैगरी, हेटौंडा उपमहानगरले सार्वजनिक जग्गाको संरक्षणमा पनि कठोर नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १३ अन्तर्गतको दफा ९७ बमोजिम उपमहानगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाको एकीकृत लगत संकलन गरी प्राविधिक माध्यमबाट विवरण तयार पार्ने भएको छ । सार्वजनिक जमिनमा अनधिकृतरुपमा बनाइएका निजी भौतिक संरचना (घरटहरा) १५ दिनभित्र हटाउन सूचित गरिएको छ । तोकिएको समयावधिमा अतिक्रमण हटाइएन भने प्रचलित कानुनअनुसार सम्बन्धित संरचना हटाउने प्रक्रिया अगाडि बढाइने उपमहानगरले स्पष्ट पारेको छ ।

उपमहानगरले सबै नागरिकलाई यस्ता सार्वजनिक जग्गाको संरक्षणमा सहकार्य गर्न र ऐनविपरीत कुनै गतिविधि नगर्न आग्रह गरेको छ । हेटौंडा उपमहानगरले एमबिबिएस अध्ययनरत ४ जना विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने भएको छ । उपमहानगर पालिकाबाट सिफारिस भई एमबिबिएस अध्ययन गरिरहेका ४ जना विद्यार्थीलाई जनही ५ लाखको दरले आर्थिक वर्ष २०८२/८३ मा छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरिएको छ । छात्रवृत्ति पाउने विद्यार्थीमा हेटौंडा-१५ की कृष्टिना तितुङ, हेटौंडा-५ की शाम्भवी ठकुरी, हेटौंडा-४ का सफल आचार्य र हेटौंडा-१९ का पबिन बर्तौला रहेका छन् । खोला तथा नदीबाट अवैधरुपमा ढुंगा, गिट्टी, बालुवा चोरी निकासी हुने गतिविधिलाई नियन्त्रण गर्न उपमहानगरपालिकाले कडा निगरानी गर्ने निर्णय गरेको छ ।

# भूमि आयोग मकवानपुरद्वारा मन्त्री अधिकारीलाई सुझावसहितको पत्र

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/भूमि समस्या समाधान आयोग मकवानपुरले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई सुझावसहितको पत्र बुझाएको छ ।

भूमि समस्या समाधानका विषयमा मकवानपुरमा विभिन्न पालिकामा सम्पन्न अन्तरक्रिया र संकलित सुझावलाई समेटेको पत्र शुक्रबार मन्त्री अधिकारीलाई आयोगले बुझाएको हो । आयोगका अध्यक्ष बलराम बलको नेतृत्वको टोलीले मन्त्री अधिकारीलाई पत्र बुझाएको हो । आयोगले यसअघि बैठक बसेर विगतका आयोग, समिति र कार्यदलले प्रारम्भ गरेको तर अधुरो अवस्थामा रहेको कार्य तथा हालको कार्यादेशले छुटेका विषयबारे समस्या देखिएको भन्दै केन्द्रमा पत्राचार गर्ने निर्णय गरेको थियो ।

आयोगकी सदस्य दिलुमाया घर्तीका अनुसार २०८१ सालमा जारी भएको 'भूमि समस्या समाधान आयोग गठन आदेश' अन्तर्गत कार्यविधिको दफा ३ अनुसार बाँकी कामको पहिचान बाहेकका काम कारवाहीमा अन्योल देखिएकाले सोको स्पष्टता माग गरिएको हो । घर्तीका अनुसार विगतमा सर्जमिन गरी दर्ता गरिएका, हकदावी सार्वजनिक सूचना प्रकाशित भएका, दर्ताको टिप्पणी र आदेशसम्म पुगेका निवेदन, तथा फिल्ड सर्जमिन र भेरिफिकेशन सम्पन्न भएका तर, कार्यादेशमा उल्लेख नभएका मुद्दालाई कार्यादेशमा समावेश गर्न माग गरिएको छ ।

त्यस्तै, मालपोत कार्यालयको फिल्डबुकमा नाम उल्लेख भए तापनि भोगचलन प्रमाण नभएको तथा छोडपत्रको आधारमा दर्ता प्रमाण माग गर्दै दर्ता गरिएको निवेदनबारे पनि स्पष्ट मार्गनिर्देशन माग गरिएको छ । आयोगका सदस्य कविन सांगामीका अनुसार, जिल्लाका १० वटै स्थानीय तहमा भएको अन्तरक्रिया तथा सुझाव संकलनका आधारमा भूमि विहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्याबारे लिखितरुपमा सुझाव बुझाइएको हो । आयोग मकवानपुरको टोलीले सोही सन्दर्भमा बिहिबार भूमि समस्या समाधान आयोगका अध्यक्ष हरिप्रसाद रिजाललाई पनि पत्र बुझाएको थियो ।

यसैबीच, आयोगले मकवानपुरको हेटौंडा उपमहानगर पालिका र बकैया गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई पुनः निवेदन दिन ३५ दिने सूचना जारी गरेको छ । बिहीबार जारी गरिएको सूचनामा आयोगले जग्गा पाउन इच्छुक व्यक्तिहरुले आयोगले तोकेको ढाँचामा फाराम भरी स्थानीय तहबाट वडामा खटाइएका लगत संकलक मार्फत निवेदन दिन आग्रह गरेको छ । आयोगका अनुसार यो प्रक्रिया अन्तर्गत भूमिहीन दलित तथा सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गरिनेछ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# च्याट जीपीटीको एउटा जवाफमा कति ऊर्जा खपत हुन्छ ?




संसारभर कृत्रिम बुद्धिमत्ता अर्थात् एआईमा आधारित च्याट जीपीटीजस्ता च्याटबोटहरूको प्रयोग व्यापक मात्रामा हुन थालेको छ । विद्यालय र कार्यालयदेखि अनुसन्धान, पत्रकारिता, न्याय र प्रशासनसम्म एआई प्लाटफर्महरुको पहुँच फैलिसकेको छ । यसैबीच एआईको व्यापकतासँगै एउटा महत्त्वपूर्ण प्रश्न उठिरहेको छ । आखिर यस्ता च्याटबोटहरू चलाउँदा वास्तवमा कति ऊर्जा तथा प्राकृतिक स्रोत खर्च हुन्छ त ?

च्याट जीपीटी निर्माता कम्पनी ओपन एआईका सीईओ स्याम अल्टम्यानले हालै एएटा रोचक तथ्य सार्वजनिक गरे । उनका अनुसार च्याट जीपीटीलाई प्रयोगकर्ताद्वारा सोधिएको एउटा साधारण प्रश्नको जवाफ दिनका लागि करिब ०.३४ वाट-घण्टा बिजुली र ०.००००८५ ग्यालन पानी खर्च हुने गर्दछ । यो बिजुली भनेको एउटा उच्च दक्षताको एलईडी बल्बलाई केही मिनेटका लागि बाल्न पुग्ने ऊर्जा हो । त्यस्तै पानीको सो परिमाण चाहिँ एक चम्चाको पन्ध्रौँ भाग हो ।

यद्यपि, च्याट जीपीटीलाई सोधिने प्रश्नको जटिलता र उत्तरको लम्बाइको अनुपातमा ऊर्जा खपतको परिमाण पनि बढ्छ । १० हजार टोकनको उत्तर दिने प्रक्रियामा २.५ वाट घण्टा र एक लाख टोकनमा ४० वाट घण्टा ऊर्जा खर्च हुने देखिएको छ ।

**लागत १५० गुणा घट्यो, ऊर्जा दक्षतामा तीव्र वृद्धि**

सन् २०२३ को जनवरीमा जारी भएको जीपीटी-३.५ संस्करणदेखि हालको जीपीटी-४ सम्म आइपुग्दा च्याट जीपीटीको प्रति उत्तर ऊर्जा खपतमा १५० गुणा कमी आएको छ । एआईको मूल्य अन्ततः बिजुलीको मूल्य बराबरमा सीमित हुने ओपन एआईका सीईओ अल्टम्यान बताउँछन् । तथर्स भविष्यमा एआई सेवा पुऱ्याउने खर्च झनै सस्तो र सर्वसुलभ बन्नेछ ।

**डेटा सेन्टरहरू परमाणु र सौर्य ऊर्जातर्फ ढल्किँदै**

एआई सेवा सञ्चालनको मूल केन्द्र डेटा सेन्टरहरू हुन्, जहाँ प्रशस्त बिजुली र पानी आवश्यक हुन्छ । माइक्रोसफ्टले अमेरिकाको थ्री माइल आइल्यान्ड न्यूक्लियर ऊर्जा प्लान्ट २० वर्षसम्म प्रयोग गर्न सहमति जनाएको छ, जुन पहिले बन्द भएको थियो ।

त्यस्तै, गुगलले Kairos Power सँग मिलेर तीनवटा साना परमाणु रिएक्टर निर्माण गर्दैछ, जसले २०३५ सम्म ५०० मेगावाट ऊर्जा आपूर्ति गर्नेछ । यी पहलकदमीहरू एआईको ऊर्जा आवश्यकता पूर्तिका लागि सस्तो, स्वच्छ र दीर्घकालीन विकल्पका रूपमा प्रस्तुत भइरहेका छन् ।

**स्मार्ट प्रविधि तर भारी उत्सर्जन**

फिनान्सियल टाइम्समा प्रकाशित समाचार अनुसार वर्तमान समयमा विश्वमा हुने कूल कार्वन उत्सर्जनमा एआई डाटा सेन्टरहरूबाट हुने उत्सर्जनको हिस्सा ३ प्रतिशत रहेको छ । यदि ऊर्जा दक्षता र नवीकरणीय ऊर्जा संयोजनमा जोड नदिए यो परिमाण भविष्यमै अझै बढ्नेछ । एआईका प्रयोगकर्ताहरु विश्वमा ज्यामितीय रुपमा बढिरहेको अवस्थामा यसको आकर्षणले कुल ऊर्जा खपत र जल स्रोत उपयोगको दर पनि तीव्र गतिमा बढ्नेछ । त्यसैले स्मार्ट प्रविधिसँग पर्यावरणीय विनाश तथा उत्सर्जनमा बढावा हुने देखिन्छ ।

**नीति निर्माण र पारदर्शिता : अबको प्राथमिकता**

प्रविधिको यो तीव्र विकाससँगै सरकार, नियामक संस्था, र वातावरणविद्हरुको जिम्मेवारी पनि उत्तिकै बढेको छ । कुन एआई मोडेलले कति ऊर्जा खर्च गर्छ ? हरेक प्रश्नको जवाफबाट वातावरणमा कति असर गर्छ ? भन्नेजस्ता सवालको पारदर्शी उत्तर दिन नीतिगत रूपमा बाध्यकारी मापदण्ड र मापन प्रणाली आवश्यक छ ।

अहिलेका लागि प्रयोगकर्ताहरूलाई सजग गराउन जीपीटी फुटप्रिन्ट जस्ता टुलहरू उपलब्ध छन्, जसले ऊर्जा खपत र पानी प्रयोगको तथ्यांक राख्न सहयोग पुऱ्याउँछन् ।

वास्तवमा च्याट जस्ता एआई च्याटबोटहरूले शिक्षा, प्रशासन, सञ्चार र विज्ञानमा क्रान्ति ल्याइरहेका छन् । तर यी च्याटबोटले दिने प्रत्येक जवाफका पछाडि लुकेको ऊर्जा खपतलाई बेवास्ता गर्नु असावधानी हुनेछ । त्यसैले स्मार्ट प्रविधिको प्रयोगसँगै स्मार्ट ऊर्जा रणनीति, नवीकरणीय स्रोतहरूमा लगानी र वातावरणीय प्रभावको पारदर्शिताको विषय सर्वाधिक गहन विषय हो ।

**साहित्य**

हास्यव्यंग्य

# सिसिफस समाज र सहर !

✍ जनकराज सापकोटा

घाम बूढो भइसकेपछि मात्र झ्यालको चरहरूबाट भित्र छिर्छ र मलाई काउकुती लगाउँछ । घामको यो प्रवृत्तिबाट म अभ्यस्त भइसकेको छु । यो सहर हो, जहाँ सिंगो दिन आवश्यकताको माग-फारम भर्दाभर्दै सकिन्छ । मान्छेहरू कृत्रिम प्रेमको बैसाखी टेकेर यो सहरको 'रासलीला' मा सामेल हुन्छन् । मित्रताहरू मोबाइलको ब्यालेन्ससँग सम्झौता गरिरहेका हुन्छन् । म उठ्छु, बूढो घामको अनुहार हेर्छु र यन्त्रवत् कोलाहलपूर्ण सहरको भीडमा परिचय खोज्न हराउँछु । यो आममानिसको दैनिकी हो ।

पसलभरि झुन्ड्याइएका अखबारमा आवश्यकताको विज्ञापन खुलेका छन् । बेरोजगारको आशावादी आँखा आवश्यकताको विज्ञापनका हरफमा दौडिएका छन् । सहरमा तिमी र म कति पृथक छौँ । तिमी बिहान उठ्छौ र पेट्रोलको लाइनमा उभिन्छौ । म बिहान उठ्छु, गणतन्त्र नेपालको राष्ट्रिय गान पढ्छु । घाम चढ्दै जान्छ, क्रमशः म र तिमीहरू सिसिफस समाजको जात्रामा सामेल हुन्छौँ । म कति अराजकतावादी भइसकेको छु । तिमीलाई थाहा नहोला- सिंगो सहर अराजक मानसिकताको भीडले च्यापिएको छ । मानौं, सहर मान्छेहरूबाट बलात्कृत छ । सहरको अक्षतयोनीमा मानिस खुलेआम वेश्यावृत्ति गरिरहेछन् । पत्यार नलाग्ला- कतिपय यथार्थ यस्तै हुन्छन् । तिमीलाई के थाहा, यो सहर बेढंगका सपनाले किचिएको छ । कुन दिन भुइँचालो आउने हो र सिंगो सहरका जीर्ण घरहरूसँगै मान्छेका सपना चकनाचुर हुने हुन्, थाहा छैन । पृथक छ, तिमीले देखेको समाज र मैले भोगेको सहर । यन्त्रहरूको तारमा झुन्डिएको छ सिंगो सहर । मलाई सम्बोधनहरूप्रति रुचि छैन । सम्बोधनहरू सहरमा जहाँतहीँ किन्न पाइन्छ । राजनीतिका यावत् दुर्गन्धित भाषाले कुरूप छ सहर ।


साँझ ढल्कन्छ । त्यसो त मानिसको उमेर पनि ढल्कन्छ । सहरको साँझ ढल्काइमा कुनै ज्यामितीय कोण छैन । लोडसेडिङको समय-तालिका परेको समयबाहेक हरेक साँझ सडकमा लाइट बल्छन् । मानौँ, तिनीहरू सिंगो सहरको लाज छोप्न तम्तयार छन् । सहर जसको शब्दकोशमा लाज भन्ने शब्द छैन । मानिस भएभरका सम्बन्धको डोरी चुँडालेर दौडन तयार देखिन्छन् । सडक मानिसको पदचापले भरिएको छ । सबै फरक छन्, अपरिचत छन् एक-अर्कासँग । मानिसहरूको सम्बन्ध लिनु र दिनुको कुनै बिन्दुमा मात्र गएर जोडिन्छ अनि, कार्यसम्पादन सकिएलगत्तै तोडिन्छ पनि । मध्यमवर्गीय मानिस हतारहतार बहाल तिरेको कोठातर्फ पाइला खिच्छन् । संभ्रान्त वर्ग हतारहतार डिस्को र क्याबिन छिर्छन् र रातहरूको पर्दा ओडेर वर्जित फल खान्छन् । मान्छेहरू रक्सीको गिलाससँग सम्बन्ध बढाउँछन् र रात छिप्पिँदै जाँदा छताछुल्ल पोखिन्छन् । मानिसका तमाम छटपटी र कुण्ठा रात पर्दै जाँदा मोबाइल वा प्याडहरूमा लेखिन्छन् र इनबक्सभित्र भरिन्छन् । मानिस मनले भावनात्मक हुन्छन्, न कि मस्तिष्कले ।

सहरमा यावत् कुराले आकाश छुने तयारी गर्दै छ । माफ गर्नुहोला, धरहरा त्यसो गर्दैन । धरहराको उचाइ बढेपछि कलाकार किरण मानन्धरले थप समय पेन्टिङ बनाउन खर्चनुपर्नेछ । के घडीमा नयाँ अंक थपिनेछन् नयाँ नेपालमा ? मानिस चियापसलमा उभिएर मूल्य बढेको चिया पिउँदै छन् । राजाको बहिर्गमनपछि नारायणहिटी राजदरबारलाई संग्रहालयमा परिणत गर्ने निर्णय भएको छ । के तिनीहरूलाई थाहा नहुँदो हो ? सिंगो सहर तमाम विसंगतिको संग्रहालयमा परिणत हुँदै छ । मानिस राजदरबार र राजालाई बहसको विषय बनाउँछन् र एक कप चिया सक्छन्, एक खिल्ली चुरोट उडाउँछन् । क्याबात ! राजा कुनै मिथक त बन्दै छैनन् ?

सिंहदरबारअगाडि वर्षौंदेखि उभिएका पृथ्वीनारायण शाह भद्रकालीतर्फ हेर्दै छन् । यिनलाई के थाहा, देशमा गणतन्त्रको घोषणा भएको छ । गणतन्त्र घोषणा भएको छ, तर केही थाहा नभएजसरी पेट्रोल भर्न मानिस घामको तालिकाविपरीत खडा छन् सडक किनारामा । सिंगो सहर एउटा नाटकघर जस्तो लाग्दै छ । गुरुकुलमा अचेल के देखाइन्छ हँ ? यो सहर यावत् विरोधाभाषको सिकार भएको छ । खुलामञ्च जसलाई चारैतिरबाट फलामे बारले बारिएको छ र पनि त्यसको नाम खुलामञ्च नै छ । पुतलीसडक जहाँ एउटै पुतली देख्न पाइन्न । बरु पुतलीजस्तो बन्ने प्रयत्नमा युवतीहरू छोटा लुगा लगाउँछन् र लाज छोप्ने कृत्रिम प्रयास गरेझैँ देखिन्छन् । यो सहर यावत् कृत्रिमताले भरिएको छ । सहरमा अचेल गाडी दौडँदैन, मात्रै घिस्रिन्छ ।


रत्नपार्कमा यावत् बेरोजगार झुम्मिन्छन् र मुकुन्देको भाषण सुन्छन् । तिनीहरू योग्यताको परीक्षामा असफल छन् त्यसैले सरकारको उछित्तो काड्छन् । घर बेटीले बहाल बढाएको चिन्तामा, श्रीमतीले फरमान जारी गरेको सन्दर्भमा, छोरोको विद्यालयको किताब किन्न नपाएको झोंकमा तिनीहरू सरकारलाई 'कुकुरगाली' गर्छन् । मुकुन्दे भाषण गर्छ, तिनीहरू 'हो' मा 'हो' मिलाउँछन् । सिंगो सहरमा तमाम मान्छे एक-एक किसिमका मुकुन्देहरू हुन् । सबै भाषण गर्छन् । गोजीमा केही पैसा हुनेहरू चियापसलमा, पैसा नहुनेहरू चोक र गल्लीमा । अनि, फुर्सद हुनेहरू रत्नपार्कमा । सिंगो रत्नपार्क र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा के फरक छ ? मलाई कोही प्रश्न गर्छ । म हठात् भन्छु- मुकुन्दे रत्नपार्कमा ठीक समयमा आइपुग्छ र दिनभरिको कार्यसूची तामेल गरी ठीक समयमा फर्कन्छ । के सम्मेलन केन्द्रमा अब यो सम्भव छ ?

**चित्रकला**





दिप्ति बलामी
कक्षा-९,
जेम्स अंग्रेजी माध्यमिक विद्यालय, हेटौंडा-११





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

**जीवनशैली/स्वास्थ्य**

# यौन सम्बन्ध र मानसिक स्वास्थ्यबीचको सम्बन्ध



हिन्दुशास्त्रको पुरुषार्थको अवधारणामा जीवनको चारवटा मुख्य खम्बाबारे वर्णन गरेको पाइन्छ । पहिलो धर्म, जसमा दैनिक गर्ने कार्य, नैतिकता, आदर्शका कुराहरु पर्छन् । त्यसपछि आउँछ, अर्थ । अर्थ भनेको काम गरेर वा जीविकोपार्जन गर्ने परिवारलाई चाहिने गाँस, बास र कपासको जोहो गर्नु ।

त्यसपछि आउँछ, काम । काममा यौनको चर्चा गरिन्छ । यौन मात्र नभएर माया, प्रेम, इच्छा र सद्भाव पनि पर्छन् । र, चार नम्बरमा आउँछ, मोक्ष । मोक्ष भनेको समाधि वा आनन्दको प्राप्ति हो ।

यो अवधारणाले के भन्छ भने पहिला धर्म गर्नुपर्छ । त्यसपछि अर्थ र काम भोग गरेर मात्र मानिसलाई मोक्ष प्राप्ति हुन्छ । यो भन्नुको अर्थ के हो भने धर्मशास्त्रले पनि यौन जीवनको लागि अपरिहार्य भनेको छ ।

विज्ञानले पनि यौन सुखले मानिस स्वस्थ रहने कुरामा जोड दिन्छ । यौनले नै सिर्जना र आनन्द दुवै दिन्छ । शरीरको लागि खाना जति आवश्यक छ । त्यति नै यौन जीवन पनि आवश्यक मानिन्छ । कुनै कारणवश यौन जीवनमा समस्या आइरहेको छ भने विस्तारै मानसिक स्वास्थमा प्रभाव पार्न सक्छ ।

यौन उत्तेजना नहुनु, चरमोत्कर्षमा नपुग्नु, शीघ्रपतन वा लामो समयसम्म स्खलन नहुनु, महिलामा हार्मोनल परिवर्तनका कारण यौन चाहना घट्नु, यौन रोगका कारण यौन सम्बन्ध राख्न नसक्नु शारीरिक समस्या मात्र होइन । यसमा मानसिक कारण पनि जिम्मेवार हुनसक्छ । यसले के स्पष्ट पार्छ भने यौन जीवन र मानसिक स्वास्थ्यबीच निकट सम्बन्ध छ । यौन शिथिलताले जसरी मानसिक समस्या ल्याउँछ, उसैगरी मानसिक समस्याले यौन उदासीनता पनि ल्याउँछ ।

यदि दम्पतीबीचको सम्बन्ध प्रगाढ छैन, आपसी असमझदारी छ भने त्यसको प्रभाव उनीहरुको यौन जीवनमा पर्छ । ठीक यसैगरी यौन जीवन सुमधुर नहुँदा उनीहरुबीचको भावनात्मक सम्बन्धमा पनि खल्लोपन महसुस हुन्छ । अर्थात् यी एकअर्कासँग अभिन्न रुपले जोडिएका छन् । यस्ता यौन समस्याले कसरी मानसिक स्वास्थ्यमा असर गर्छ भन्ने जान्नु भन्दाअघि यौन र मस्तिष्कबीचको सम्बन्धबारे जान्नु आवश्यक हुन्छ ।

**यौन र मस्तिष्कबीचको सम्बन्ध**

हामीमध्ये धेरैजसोलाई लाग्न सक्छ- यौनक्रिया शरीरले गर्छ । तर यो सत्य होइन । यौनबारे सोच्नेबित्तिकै महिला र पुरुषको मस्तिष्कमा आउने भावना र विचारले उत्सुकता ल्याउँछ । र, यसले अवधि बढाउने, घटाउने, उत्तेजित पार्ने र शरीरलाई चलायमान राख्छ । मन र तनको तालमेलले यौन सन्तुष्ट दिन्छ । र, चरमसुख दिन्छ । यौन सम्बन्ध राम्रो छ भने यसले एकछिनको आनन्द मात्र होइन, मानसिक स्वास्थमा पनि योगदान दिइरहेको हुन्छ । यसले सकारात्मक प्रभाव दिमागमा पार्छ ।

कुनै कुराले दिमाग भारी भइरहेको छ वा मनमा अनेकौं विचारले चिन्ता भइरहेको छ भने यौन सम्बन्ध राखेको केही समयमै दिमागमा आनन्द र आराम दिने हार्मोन अक्सिटोसिन र इन्डोर्फिन निष्कासन गर्छ । जसकारण दिमाग शान्त हुँदै आफूलाई हल्का भएको अनुभव गर्छ । र, राहत अनुभव गर्छ । तर यसको मतलब यो होइन कि तनाव कम गर्न यौनक्रिया नै गर्नुपर्छ । यौनक्रिया गर्दा दिमागका यस्ता न्युरोट्रान्समिटरहरु सक्रिय हुन्छन् । र, दम्पतीबीच सामीप्य बढाउँछ ।

**निद्रामा सुधार ल्याउाछ**

यौन सम्बन्धले मांसपेशीलाई आराम दिन्छ । जसले गर्दा व्यक्तिलाई मीठो र गहिरो निद्रा पार्छ । यसरी निद्रा पर्नु पनि मानसिक स्वास्थ्यदेखि शरीरका लागि पनि फाइदाजनक हुन्छ ।

**नकारात्मक असरहरू**

यौन आकर्षणमा कमी, यौन विफलता वा सम्भोगमा समस्याले असमानता, निराशा र आत्मसम्मानको कमी गराउन सक्छ ।

जब यौनसम्पर्क राम्रोसँग हुँदैन । सन्तुष्टि मिल्दैन भने यसले दिमागमा तनाव सिर्जना गर्छ । यसरी धेरै तनाव लिने र नजिकको साथीसँग खुलेर कुरा गर्न निस्कँदा बिस्तारै चिन्ता, भय, डिप्रेसन हुने सम्भावना हुन्छ । आज धेरैजसो सम्बन्धविच्छेदको घटना पनि यौन समस्याकै कारण हुने गरेको देखिन्छ ।

दोस्रो, यौन समस्याले घरेलु झगडा पनि ल्याउँछ । यौन इच्छाको पूर्णता नहुने वा बिस्तारै यौन सम्बन्ध नहुने र बिस्तारै बोलचाल नहुने वा बोल्न मन नलाग्ने हुँदै सम्बन्ध चिसिन थाल्छन् । परिणामस्वरूप, दिमागमा कुरा खेल्ने, कुनै कुरामा केन्द्रित रहन कठिन हुने, मनमा एक किसिमको भय हुने र मनोबलको कमी हुनसक्छ ।

**मानसिक समस्याले पनि यौन जीवन बिगार्न सक्छ**

यौन जीवनमा समस्या हुँदा मानसिक स्वास्थ्य बिग्रिने मात्र होइन । कतिपय अवस्थामा मानसिक समस्याले पनि यौन जीवन बिगार्न सक्छ । आर्थिक भार, बेरोजगारी, काम र व्यक्तिगत जीवनको असन्तुलन, शिक्षा, समाजिक दबाबको कारण कतिपय व्यक्ति हरदिन तनावमा हुन्छन् । यस्ता समस्याबाट बाहिर आउन नस्कदा यौन जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर गरिरहेको हुन्छ ।

तनावले गर्दा व्यक्तिमा यौन चाहना नै कम गराउन सक्छ । यस्ता समस्याले यौन साथीसँग नजिकिन, बस्न र यौन आकर्षण कम हुन थाल्छ । यौन सम्बन्ध राखिहाले पनि त्यसबाट पूर्ण आनन्द प्राप्त नहुन सक्छ ।

साथै, यौनाङ्ग उत्तेजित नहुने, शिघ्रपतन हुने वा स्खलन ढिलो हुने र त्यही कुराले दैनिक जीवनमा प्रभाव पार्न सक्छ । जबसम्म मानसिक र भावनात्मक रुपमा व्यक्ति बलियो हुँदैन । तबसम्म यौन सन्तुष्टि मिल्न असम्भव हुन्छ । चिन्ताको समस्या हुनेहरुमा पनि शीघ्र स्खलन हुने सम्भावना बढी हुन्छ । अन्तर्राष्ट्रिय जनरल नेचर डटकमका अनुसार ३७ प्रतिशत चिन्ताको समस्या भएका पुरुषमा शीघ्र स्खलनको समस्या हुन्छ । उनीहरुले यौनक्रियामा पनि राम्रो प्रदर्शन गर्न कठिनाइ हुन्छ ।

**के गर्न सकिन्छ ?**

यदि कुनै स्वास्थ्य समस्याका कारण यौन जीवनमा बाधा भइरहेको छ भने तत्काल उपचारका साथै यौन जीवनमा परिरहेको नकारात्मक प्रभावको बारेमा मनोचिकित्सकसँग खुलेर कुरा गर्नुपर्छ । ताकि, मनोपरामर्श, स्वविवेक र औषधि उपचारले अवस्था सहज बन्न सकोस् ।

साथै, कुनै मानसिक वा अन्य समस्या भए वा यौनआसनकै बारेमा पनि आफ्नो यौनसाथीसँग कुनै पनि कुरा नलुकाई खुलेर कुरा गर्नुपर्छ । यसरी कुरा गर्दा पार्टनरले मानसिक अवस्थालाई राम्रोसँग बुझेर सहज पार्न मद्दत हुनसक्छ ।

यौन जीवनमा मानसिक रोगको नकारात्मक प्रभावको बारेमा सधैं सोच्नुको सट्टा आफ्नो भावनालाई आफ्नो पार्टनरसँग खुलेर व्यक्त गर्न, आफ्नो पार्टनरसँग हाँस्न र ठट्टा गर्न सिक्नुहोस् । र, आफ्नो जीवनशैलीमा पनि सुधार ल्याउनुहोस् । जस्तै- घुम्न जाने, उपहार आदानप्रदान गर्ने, आफ्नो ग्रुमिङमा ध्यान दिने, यौनसाथीको काम वा सुन्दरताको तारिफ गर्ने समय धेरै बिताउने जस्ता क्रियाकलाप पनि समावेश गर्न सकिन्छ । यसले भावनात्मक बन्धनलाई बलियो बनाउँछ । र, सम्बन्ध घनिष्ठ रुपमा पनि सुधार हुन थाल्छ ।

भिजिट भिसा प्रकरण :

# गल्यो माओवादी, गृहमन्त्रीको राजीनामा न छानबिन



काठमाडौं/भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग्दै आएको नेकपा माओवादी केन्द्रले सत्तापक्षसँग उधारो सम्झौता गरेसँगै संसद नियमित कार्यसूचीमा प्रवेश गरेको छ । नेपाली कांग्रेसको संयोजनमा नेकपा एमाले र माओवादी केन्द्रबीच दुई बुँदे सम्झौता भएपछि प्रतिनिधि सभाको बैठक १८ औं दिनमा नियमित कार्यसूचीमा प्रवेश गरेको हो । सम्झौताको पहिलो बुँदामा भिजिट भिसामा हुने अनियमितता र अध्यागमनसँग सम्बन्धित विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिरहेको अनुसन्धानलाई सरकारले आवश्यक सहयोग गर्ने भनिएको छ ।

दोस्रो बुँदामा अध्यागमन र भिजिट भिसाको सम्बन्धमा देखिएका समस्या समाधान गर्न सरकारले आवश्यक अध्ययन एवं छानबिन गर्ने प्रतिवद्धता छ । छानबिन पश्चात नीतिगत, कानुनी र संरचनात्मक सुधारका लागि उपयुक्त व्यक्त गर्न ठोस पहल गर्ने प्रतिबद्धता नेपाल सरकारले व्यक्त गरेको छ । सम्झौतामा सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौला र माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले हस्ताक्षर गरेका छन् । यो सम्झौतासँगै प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकलाई संसद्मा बोल्न दिन तयार भएको थियो । तर अरु विपक्षी दल रास्वपा र राप्रपा भने गृहमन्त्रीको राजीनामाको अडानमा कायमै रहे । उनीहरूको नाराबाजीका बीच गृहमन्त्री रमेश लेखकले भिजिट भिसा प्रकरणमा आफूमाथि उठेका प्रश्नहरूको जवाफ दिएका थिए ।

संसद्मा जवाफ दिने क्रममा गृहमन्त्री लेखक्ले सरकारले आवश्यक छानबिन गर्ने प्रतिबद्धता व्यक्त गरेर । भिजिट भिसाको सम्बन्धमा देखिएको समस्याबारे अध्ययन एवं छानबिन गर्न सरकारले एक महिनाभित्र समिति बनाउने प्रतिबद्धता जनाए । जेठ १३ गतेदेखि १८ दिनसम्म माओवादी केन्द्रले गरेको प्रतिनिधि सभाको अवरोध यत्तिकै लागि थियो त ? नेकपा माओवादी प्रमुख सचेतक हितराज पाण्डेका अनुसार उनीहरूका माग जस्ताको तस्तै सम्बोधन भएको छैन । लामो समयसम्म संसद् अवरोध हुँदा जनताको समस्या समाधान हुन नसकेकाले सत्ता पक्षसँग सहमति गरेर अगाडि बढ्नुपरेको उनको जवाफ छ ।

प्रमुख सचेतक पाण्डे भन्छन्, 'जिम्मेवार प्रतिपक्षको हैसियतले आम जनताका समस्या अगाडि बढुन् र सँगै हाम्रा जनताले भोग्नुपरेका भिजिट भिसालगायतका भ्रष्टाचार जन्य, मानवतस्करीजन्य समस्याहरू हल होउन् भनेर सहमतिका साथ अगाडि बढ्ने कुरा गरेका हौं ।' भिजिट भिसामा विदेश जानेसँग अपारदर्शी रुपमा लेनदेन गरेको सूचनापछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख एवम् गृहमन्त्री र मेश लेखक निकट सहसचिव तीर्थ भट्टराईलाई नियन्त्रणमा लिएको थियो । लगत्तै यो विषयलाई प्रतिनिधि सभामा प्रवेश गराएर माओवादी केन्द्रसहितका विपक्षी दलहरूले गृहमन्त्रीको राजीनामा मागेका थिए । गृहमन्त्रीले राजीनामा दिएपछि प्रधानमन्त्रीले जवाफ दिनुपर्ने र भिजिट भिसा प्रकरणका सम्बन्धमा संसदीय छानबिन वा उच्चस्तरीय न्यायीक छानबिन आयोग बनेपछि मात्रै प्रतिनिधि सभाको बैठक कार्यसूचीमा प्रवेश गर्न दिने विपक्षी दलहरूको अडान थियो । तर, शुक्रबार माओवादी केन्द्रले एमालेसँग सम्झौता गरेर संसद्को अवरोध खोल्दै गर्दा न गृहमन्त्रीको राजीनामा आयो न छानबिन समिति बन्यो । बरु सरकारको तर्फबाट गृहमन्त्रीले जनाएका प्रतिवद्धतालाई मानेर माओवादी केन्द्र अगाडि बढ्न तयार भयो ।

माओवादी यसरी लचिलो हुनुको प्रष्ट कारण नेताहरूले खुलाएका छैनन् । प्रमुख सचेतक पाण्डेका अनुसार सरकार सुरुमा भिजिट भिसाको नाममा अपारदर्शी रुपमा आर्थिक लेनदेन हुने गरेको विषय स्वीकार गर्न तयार थिएन । 'तर शुक्रबारसम्म सरकार समस्या छ भन्ने महसुस गर्ने ठाउँमा आयो र सम्झौता भयो,' उनले भने । आन्दोलनमा राखेको माग सबै पूरा नहुने र 'विन विन'मा पुग्दा सत्तापक्ष समस्या स्वीकार गरेर छानबिन तथा अध्ययन गर्न तयार भएको अवस्थामा आफूहरू केही लचक भएको पाण्डेको जवाफ छ । सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेका सचिव योगेश भट्टराई पनि भिजिट भिसाको सम्बन्धमा समस्या रहेको साझा बुझाइमा सत्तापक्ष र प्रतिपक्ष सहमत हुँदा सदनको अवरोध खुल्ने वातावरण बनेको बताउँछन् ।

'अध्यागमन, भिजिट भिसाका सम्बन्धमा केही समस्याहरू छन् भन्ने कुरामा हाम्रो साझा धारणा हो' उनी भन्छन्, 'समस्याहरूलाई हल गर्न कानुनी र संरचनात्मक सुधारहरू आवश्यक छ ।' शुक्रबारको सहमतिअनुसार अब कानुनी समस्या सुधार गर्न परे त्यो विषय संसद्मा आउनेछ, अन्य संरचनात्मक सुधार गर्न परे सरकारले आफैं गर्नेछ । यो साझा बुझाइपछि संसद्का विजनेश अगाडि बढ्ने वातावरण बनेको भट्टराईको ब्याख्या छ ।

**रास्वपा-माओवादी "पारपाचुके"**

संसद्मा निरन्तर आन्दोलनमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भने एमाले र माओवादीबीच भएको सम्झौता असल नियतका साथ भएको विश्वास गर्दैन । बरु माओवादी किन आफ्ना मागहरूबाट पछाडि हट्यो भन्ने उसको पनि प्रश्न छ । रास्वपाका कार्यवाहक प्रवक्ता मनिष झाका अनुसार गृहमन्त्रीको राजीनामा र प्रधानमन्त्रीको जवाफ मागेर संसद्मा आन्दोलनको नेतृत्व माओवादी केन्द्रले गरेको थियो ।

अध्यागमन गृहमन्त्रालय अन्तर्गत रहेको र त्यहाँ रहेको समस्याबारे अध्ययन गर्न गृहमन्त्री लेखक पदमा बहाल रहँदा समस्या हुने भनेर उनको राजीनामा मागिएको थियो । यो अडानमा नअडिएकोप्रति माओवादी केन्द्रप्रति रास्वपाको आशंका छ । कार्यबाहाक प्रवक्ता मनिष झा भन्छन्, 'माओवादीले सहमतिका लागि हामीलाई पनि आग्रह गरेको थियो । तर, उहाँहरूले गरेको सहमतिमा समस्याको सामाधान गर्ने ठोस प्रस्ताव उल्लेख नभएकाले हामी सहमत हुन सकेनौं ।' उनका अनुसार सरकारले बनाउने भनेको छानबिन समिति वा गृह मन्त्रालयकै कुनै सहसचिवको नेतृत्वमा समेत बन्न सक्छ । त्यसले समस्याको कुनै समाधान गर्दैन । 'अहिले जे भइरहेको छ । त्यसैलाई निरन्तरता दिने ठाउँ रहन्छ । त्यसकारण हामीले समस्याको ठोस समाधान नगर्ने सहमति गरेनौं' झा भन्छन्, 'हाम्रो आन्दोलन जारी रहन्छ ।'

१८ दिनसम्म आन्दोलनमा सँगै रहेको माओवादी आफूहरूलाई छाडेर एमालेसँग सहमति गर्न पुगेकोमा रास्वपाका नेताहरूको चित्त दुखाइ छ । यस्तो भाव कार्यवाहक प्रवक्ता झाकै अभिव्यक्तिमा झल्किन्छ । 'माओवादीसँग मायाप्रीति जारी र हने गरी अहिलेलाई पारपाचुके भएको छ' उनी थप्छन्, '१८/२० दिन हामीसहितको विपक्षी मोर्चाको नेतृत्व गर्नुभएकोमा प्रचण्डजीलाई धन्यवाद छ ।'

**हस्ताक्षरमा कांग्रेसलाई थिएन लोभ**

प्रतिनिधिसभामा अवरोध सुरु भएपछि केहीदिन कांग्रेस नेताहरू अलमलमा थिए । सरकारले संसद्को अवरोध खुलाउने पहल लिन्छ भन्ने विश्वास पनि हट्दै गयो । 'आफ्नै पार्टीका गृहमन्त्रीमाथि आरोप लागेको छ । छलफलको प्रस्ताव गर्दा बचाउन लाग्यो भन्लान् । पार्टीकै कतिपयले गृहमन्त्रीको राजीनामा मागे । कांग्रेसमाथि साँच्चै प्रहार भएको थियो,' दलहरूबीच समन्वयकारी भूमिका खेलेका एक नेता सुनाउँछन् । ती नेताका अनुसार सरकारको नेतृत्वकर्ता दलले संसद्को अवरोध खुलाउने पहल लिँदैन भन्ने अनुमान सुरुमै थियो । तथापि, केही दिन पर्खिएर मात्रै कांग्रेसले प्रतिपक्षी दलहरूसँग संवाद सुरु गऱ्यो ।

पार्टी सभापति शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्का र नेता ज्ञानेन्द्र कार्कीलाई विपक्षी दलसँगको संवादमा खटाए । महामन्त्री गगन थापा र प्रमुख सचेतक श्यामकुमार घिमिरे पनि सक्रिय भए । कांग्रेसका नेताहरू सक्रिय हुनु अगाडि कांग्रेस सभापति देउवाले पार्टीका वर्तमान र पूर्वपदाधिकारीहरूसँग छलफल पनि गरे । गृहमन्त्री रमेश लेखकमाथि राजनीतिक प्रतिशोध साँध्न खोजिएको र यसमा कांग्रेसले हारे पार्टीकै साखमा असर पर्ने ब्रिफिङ गरे । त्यसपछि गृहमन्त्रीको राजीनामा माग्ने कांग्रेसका केही नेताहरू मौन भए ।

उपसभापति खड्काले माओवादी अध्यक्ष प्रचण्डसँग निरन्तर संवाद गरे । माओवादीका उपमहासचिवद्वय वर्षमान पुन र शक्ति बस्नेतसँग संवाद गरे । प्रचण्डले कांग्रेससँग संवाद गर्ने जिम्मेवारी उपमहासचिवद्वय पुन र बस्नेतलाई दिएका थिए । यसबीचमा कांग्रेस सभापति देउवा र प्रचण्डबीच पटक-पटक संवाद भयो । अघिल्लो शनिबार देउवालाई भेट्न प्रचण्ड उनकै निवास बूढानीलकण्ठ पुगे । समानान्तर रुपमा एमालेका नेताहरूसँग पनि कांग्रेसले संवाद चलाएको थियो ।

स्रोतका अनुसार, अघिल्लो शनिबार र सोमबार र प्रधानमन्त्री निवास वालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा छलफल भएको थियो । साढे दुई घण्टा बढी चलेका उक्त छलफलको आधारमा कांग्रेस नेताहरू प्रतिपक्षी दलसँग प्रस्तुत हुने गरेका थिए । बालुवाटारको छलफलमा प्रधानमन्त्री ओली, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विष्णु रिमाल र एमालेका मुख्य सचेतक महेश बर्तौला थिए । कांग्रेसका तर्फबाट उपसभापति खड्का, महामन्त्री गगन थापा, गृहमन्त्री लेखक र कांग्रेस नेता ज्ञानेन्द्र बहादुर कार्की थिए ।

पहिलो छलफलमा प्रधानमन्त्री ओली नरम थिएनन् । उनले भिजिट भिसा प्रकरणलाई सरकारले छुट्टै समस्याको रुपमा लिन आवश्यक नरहेको सन्देश दिएका थिए । दोस्रो छलफलमा भने प्रधानमन्त्रीले संसद्को अवरोध खुल्ने शर्तमा सरकारले नै छानबिन तथा अध्ययन गर्नेगरी संयन्त्र बनाउन तयार रहेको सन्देश दिए । प्रधानमन्त्री ओलीको लचक र चाहनाअनुसार कांग्रेसका नेताहरूले मध्यमार्गी प्रस्ताव अगाडि सारे- सरकारले अध्यागमन र भिजिट भिसाका सम्बन्धमा समस्या रहेको स्वीकार गर्ने र अख्तियारले गरिरहेको अनुसन्धान बाहिर संयन्त्र बनाएर सरकारले छानबिन तथा अध्ययन गर्ने । सोही प्रस्ताव वरपर शुक्रबार सहमति भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'यानीमाया'मा पल आफैं मुख्य भूमिकामा देखिने, जोडी को ?



काठमाडौं/अभिनेता पल शाहले फिल्म 'यानीमाया'बाट निर्माताको परिचय थप्दैछन् । गत बैशाख १ गते उनले यो फिल्मको घोषणा गरेका थिए । विकास सुवेदीको निर्देशनमा बन्न लागेको फिल्ममा पलको अभिनय रहने वा नरहने भन्नेबारे भने कुनै जानकारी गराइएको थिएन । तर, बिहीबार उनले 'महाराजधिराज' छाडेपछि 'यानीमाया'मा उनी निर्मातासँगै कलाकारको रुपमा पनि रहने खुलासा भएको छ ।


उनले फेसबुकमा एक पोस्टमार्फत् 'महाराजधिराज'बाट अलग हुनुको कारण 'यानीमाया' रहेको जनाउँदै भनेका छन्, 'मेरो आफ्नो कम्पनीले निर्माण गर्ने फिल्म 'यानीमाया'मा मैले जिम्मेवार निर्माता र कलाकारको भूमिका निभाउनुपर्ने भएकाले दुवै फिल्मको सुटिङ एउटै समयमा जाने भएपछि एउटा फिल्म छोड्नुपर्ने अवस्था आएको छ । अब मेरो पहिलो प्राथमिकता 'यानीमाया' हुनेछ ।'

निर्देशक सुवेदीले पनि फिल्ममा पलको मुख्य भूमिका रहने पुष्टि गरेका छन् । उनका अनुसार पलले 'महाराजधिराज'लाई समय दिएको भए यस वर्ष 'यानीमाया' बन्ने थिएन । छायांकनका लागि साउन महिना नै चाहिने र पात्रको तयारीका लागि एक महिना बढी समय दिनुपर्ने भएपछि उनले 'महाराजधिराज' छाडेका हुन् । अब पलले केही महिना म्यूजिक भिडियो समेत नगर्ने जनाइएको छ ।

निर्देशक सुवेदीले संचारकर्मीसँग भने, 'प्रदीप खड्कालाई जसरी 'प्रकाश'मा काम गराएका थियौं, पलले पनि त्यसरी नै गर्नुपर्छ भन्ने मेरो अडान थियो । त्यसरी समय दिन नभ्याए म 'छब्बीस करोड' बनाउँछु भन्ने सोचेको थिएँ । अनि यो साउनमा फिल्म नखिचे अर्को वर्ष कुर्नुपर्छ । किनकि, फिल्मको आइडिया नै त्यस्तो छ । पलले 'महाराजधिराज' गरेको भए 'यानीमाया' यो वर्ष बन्ने थिएन ।'

आगामी साउनबाट बागलुङको ढोरपाटन क्षेत्रमा छायांकन गर्न लागिएको फिल्ममा पलको जोडी कोसँग बाँधिनेछ भन्ने निश्चित भएको छैन । तर, फिल्ममा पलको जोडी बनेर मोडल अञ्जना पुन मगर देखिन लागेको व्यापक चर्चा छ । निर्देशक सुवेदीले अञ्जना फिल्ममा निश्चित नभए पनि उनको अडिसन भने लिन लागेको बताएका छन् । केही दिनमै अभिनेत्रीको टुंगो लगाइने उनले बताए ।

# सहकारी ठगीको कथामा बनेको 'महाभोज' हलमा



काठमाडौं/यतिबेला देशलाई नै टाउको दुखाई बनेको विषय हो, सहकारी ठगी । सहकारीको पैसा त्यसका सञ्चालक वा अन्य व्यक्तिले व्यक्तिगत स्वार्थमा प्रयोग गर्दा हजारौं बचतकर्ताको उठिबास लागेको छ । तर, राज्य यो समस्या समाधान गर्न गम्भीर देखिएको छैन । यसैले सहकारी ठगीको विषयमाथि फिल्म नै बनेको छ । त्यो हो, 'महाभोज' । शुक्रबारबाट यो फिल्म प्रदर्शनमा आएको छ ।

सहकारीको पैसा कसरी अपचलन हुन्छ र त्यसले बचतकर्ताहरूमा कुन हदसम्म प्रभाव पार्छ भन्ने कथामा आधारित रहेर बनेको फिल्मले प्रदर्शनपूर्व काठमाडौं, पोखरा, बुटवल, विराटनगर र धरानमा गरिएको प्रिभ्यू शोमा सुखद् प्रतिक्रिया पाएको थियो । जहाँ सयौं सहकारी पीडितहरूले समेत फिल्म हेरेका थिए । उनीहरूले 'महाभोज'ले देशमा ठूलो विद्रोह जन्माउन सक्ने बताएका छन् ।

देशभर डेढ सय बढी शोज पाएको फिल्ममा कलाकारको लाइनअप बलियो छ । दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने जस्ता दर्शकमाझ चिनिएका कलाकार भएकाले बक्स अफिसमा फिल्मले सुखद् व्यापार गर्ने अपेक्षा गरिएको छ । तर, फिल्मको बुकिङ र बिहानी शोजमा अकुपेन्सी अपेक्षित देखिएको छैन ।

यो अवस्थामा फिल्मलाई बलियो 'वर्ड अफ माउथ' मिल्न जरुरी छ । दिनेश राउतको निर्देशन तथा हिमाल कडरियाको निर्माण रहेको फिल्ममा अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, बुद्धि तामाङ, कमलमणि नेपाल, मोहन निरौला, देशभक्त खनाल, वसुन्धरा भुसाल लगायतको पनि अभिनय छ भने अभिनेत्री सुरक्षा पन्त विशेष भूमिकामा छिन् ।

यसमा विकास सुवेदीको लेखन रहेको छ । उनले यसअघि 'प्रकाश' र 'पूजार सार्की' फिल्म लेखेका थिए ।

# 'आ बाट आमा'मा भित्रिए 'गजनी' भिलेन

काठमाडौं/चर्चित भारतीय कलाकार प्रदीप रावत फेरि एकपटक नेपाली फिल्ममा देखिने भएका छन् । 'गजनी' भिलेनको रुपमा परिचित उनले चन्द्र पन्तको लेखन तथा निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'आ बाट आमा'मा अभिनय गर्न लागेका हुन् । पन्तकै निर्देशनमा बनेको 'ह्रस्व दीर्घ'बाट उनले नेपाली फिल्ममा डेब्यु गरेका थिए । उनले चन्द्रको भोजपुरी फिल्म 'माही'मा समेत काम गरेका छन् ।

निर्देशक पन्तका अनुसार फिल्ममा प्रदीपले अभिनेता पल शाहको बुबाको भूमिका निभाउनेछन् । उनले भने, 'उहाँ नितान्त नेपाली स्टाइलको भूमिकामा देखिँदै हुनुहुन्छ । फिल्मको कथा र पात्र मन परेपछि काम गर्न तयार हुनुभएको हो । उहाँ फिल्मलाई लिएर उत्साहित हुनुहुन्छ ।' फिल्मको छायांकनका लागि भदौमा नेपाल आउन लागेका उनले नेपाली भाषामै संवाद बोल्ने जनाइएको छ ।

प्रदीपले नेपालीसहित हिन्दी, तमिल, तेलुगु, मलायलम लगायत विभिन्न भाषाका फिल्ममा काम गरेका छन् । उनलाई दर्शकमाझ चिनाएको फिल्म भने 'गजनी' हो । यसमा उनी नकारात्मक भूमिकामा देखिएका थिए । उनले अल्लू अर्जुन, प्रभास जस्ता साउथ स्टारहरूसँग सहकार्य गरिसकेका छन् । उनी अघिल्लो वर्ष 'ह्रस्व दीर्घ' रिलिजको समयमा दर्शकसँग भेट गर्न नेपाल आएका थिए ।

'आ बाट आमा'मा अभिनेत्री विपना थापाले मुख्य भूमिकामा अभिनय गर्दैछिन् । यसमा पल उनको छोरा बनेर देखिने जनाइएको छ । अभिमन्यू निरवीको संवाद लेखन रहेको फिल्मको आगामी भदौ अन्तिमबाट छायांकन सुरु गर्ने तयारीमा निर्माण पक्ष छ । आमा र छोराबीचको भावनात्मक सम्बन्धको कथामा आधारित भएर बन्न लागेको यो फिल्मलाई आगामी फागुन १५ गते प्रदर्शन गरिँदैछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बजेटमा सुरुङका १५ योजना, १ अर्ब लागतको बानेश्वर अन्डरपासलाई २ लाख ७० हजार



काठमाडौं/सरकारले लामो समय देखि बजेटमा समावेश गर्दै आएको 'बानेश्वर अन्डरपास' आयोजनालाई आगामी आर्थिक वर्ष २०८२/८३ मा २ लाख ७० हजार रुपैयाँ बजेट विनियोजन गरेको छ ।

झन्डै १ अर्ब रुपैयाँ लागत पूर्वानुमान गरिएको यो आयोजनामा सरकारले आव २०७६/७७ बाटै बजेट राख्न सुरु गरेको थियो । तर, आयोजना अझै अगाडि बढ्न भने सकेको छैन । चालु आव २०८१/८२ को बजेटमा नयाँ बानेश्वर अन्डरपास बनाउन भन्दै ९ लाख बजेट विनियोजन गरिएको थियो । त्यसअघि २०८०/८१ मा यस आयोजनाका नाममा १० लाख बजेट राखिएको थियो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वार्षिक विकास कार्यक्रम (रातो किताब) अनुसार यस वर्ष आयोजनामा नाममात्रको बजेट छुट्याइएको हो । सरकारले कोटेश्वर, बानेश्वर, त्रिपुरेश्वर सहित चोकमा अन्डरपास बनाउने भन्दै नीति तथा कार्यक्रम र बजेटमा घोषणा भने निरन्तर गर्दै आएको छ । अहिले काठमाडौंको कलंकीमा मात्र अन्डरपास छ ।

ललितपुर ग्वार्कोमा फ्लाइओभर निर्माण अन्तिम चरणमा छ । नागढुंगा सुरुङ आयोजना अन्तर्गत फ्लाइओभर समेत अहिले निर्माण अन्तिम चरणमा छ । नागढुंगा सुरुङमार्ग निर्माण आयोजनालाई आगामी आव २ अर्ब ११ करोड ७१ लाख बजेट राखिएको छ ।

**सुरुङमा निरन्तर घट्दै बजेट**

आगामी आव सुरुङ मार्ग विकास कार्यक्रम अन्तर्गत ६८ करोड ८० लाख बजेट विनियोजन गरिएको छ । यो बजेट चालु आवको तुलनामा कम हो । चालु आव ८१ करोड १४ लाख बजेट सुरुङ मार्ग विकास आयोजनामा विनियोजन गरिएको छ ।

२०८०/८१ मा २३ परि योजनामा १ अर्ब ९४ करोड विनियोजन भएको थियो । निर्माणाधीन सुरुङमार्ग निर्माण अन्तिम चरणमा पुगेको र तत्काल थप सुरुङ निर्माण सोचमा सरकार नरहेको बजेट विनियोजन प्रवृत्तिबाट देखिन्छ । यसमा काठमाडौं-तराई-मधेस द्रुतमार्गमा बनिरहेका सुरुङ र नागढुंगा सुरुङमा विनियोजित बजेट समावेश छैन । द्रुतमार्ग नेपाली सेनामार्फत कार्यान्वयन भइरहेको छ ।

**आगामी वर्ष १५ योजनालाई बजेट**

सरकारले सुरुङमार्ग विकास कार्यक्रम अन्तर्गत १५ योजनामा बजेट विनियोजन गरेको छ । मन्त्रालयका अनुसार टोखा छहरे गुर्जु भन्ज्याङ सुरुङ मार्गमा २७ लाख बजेट राखिएको छ । सुरुङ मार्ग विकास कार्यक्रममा ८ करोड ९९ लाख र विभिन्न प्रस्तावित सुरुङमार्गका सम्भाव्यता अध्ययनमा ४ लाख ५० हजार विनियोजन गरिएको छ । दुम्कीबास-बर्दघाट सुरुङमा १४ लाख ४० हजार, हेम्जा-नयाँ पुल सडक सुरुङमा १० लाख ४० हजार, नयाँ बानेश्वर अन्डरपासमा २ लाख ७० हजार, फुसे खोला छोरेपाटन-स्याङ्जा गुडीकोला सुरुङ अध्ययनमा ११ लाख ७० हजार बजेट राखिएको छ ।

त्यस्तै सुर्खेत भेरी नदीदेखि बर्दिया दानुवा तालसम्म सुरुङमार्ग अध्ययनमा १३ लाख ५० हजार, दोलालघाट चर्नावती सुरुङमा ४५ लाख, हात्तीसार बबई सुरुङमा १८ लाख, खुर्कोट-चियाबारी सुरुङमा ९ लाख, शिवपुर-भालुवाङ सुरुङमा ९ लाख र रानीघाट भुरीगाउँ सुरुङमार्गमा समेत ९ लाख बजेट राखिएको मन्त्रालयले जनाएको छ । सिद्धबाबा सुरुङमा आगामी वर्ष ४८ करोड ५० लाख र ग्वार्कोसातदोबाटो एकान्तकुना फ्लाइओभरलाई ९ करोड ५२ लाख बजेट विनियोजन गरिएको छ ।

# आगामी आवका लागि आर्थिक सर्वेक्षण प्रदेशसभामा पेश, बजेट असार १ मा आउने

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ का लागि आर्थिक सर्वेक्षण प्रदेशसभामा पेश भएको छ ।

शुक्रबार बसेको प्रदेश सभा बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले सर्वेक्षण पेश गरेका हुन् । चालू आर्थिक वर्षमा बागमती प्रदेशको कुल ग्राहस्थ्य उत्पादन २२ खर्ब ३० अर्ब हाराहारी रहने प्रारम्भिक अनुमान गरिएको मन्त्री काफ्लेले बताए । उनका अनुसार बागमती प्रदेशको कुल ग्राहस्थ उत्पादन उपभोक्ताको मूल्यमा २२ खर्ब ३० अर्ब रहने अनुमान गरेको हो । यस प्रदेशले राष्ट्रिय तहको कुल ग्राहस्थ उत्पादनमा ३६ दशमलव ५२ प्रतिशत योगदान पुराउने संशोधित अनुमान रहेको उनले बताए ।



चालू आर्थिक वर्षमा पनि प्रतिव्यक्ति कुल ग्राहस्थ उत्पादनमा बागमती प्रदेश अगाडि रहने प्रारम्भिक अनुमान गरिएको छ । बागमती प्रदेशबासीको प्रतिव्यक्ति आय २ हजार ६ सय २ अमेरिकी डलर रहेको छ । प्रदेश सरकारको बजेट कार्यक्रम प्रदेशसभामा पेश गर्नुपूर्व आर्थिक सर्वेक्षण प्रदेश वा क्षेत्रको आर्थिक अवस्था, संरचना, प्रगति, समस्या र सम्भावनाको समग्र मूल्यांकन गरी नीति निर्माण, बजेट तयार पार्ने प्रक्रिया, तथा दीर्घकालीन योजना बनाउने आधार स्तम्भकारुपमा आर्थिक सर्वेक्षणलाई लिइन्छ ।

एक आर्थिक वर्षमा भएको आर्थिक गतिविधिको समिक्षा (उत्पादन, रोजगारी, गरिवी, उद्योग, कृषि, सेवा, राजस्व, आयव्यय आदि सूचकको विवरण) गरी तयार गरिने सांख्यिकीय र विश्लेषणात्मक प्रतिवेदन (आर्थिक सर्वेक्षण) नीति निर्माणका लागि आधार तयार पार्न, आगामी बजेट तथा विकास योजनाको रुपरेखा निर्धारण गर्न, अर्थतन्त्रको स्वास्थ्य मूल्यांकन गर्न, सूचना पारदर्शिता र जवाफदेहितासहित विकास र सुधारको योजना निर्माण, लगानीकर्ताको मार्गनिर्देशन तथा नीतिगत निर्णय लिन तयार गर्ने गरिन्छ ।

असार १ गते दिनको ३ बजे बस्ने प्रदेशसभा बैठकमा आर्थिक मामिला मन्त्री काफ्लेले आर्थिक वर्ष २०८२/८३ को वार्षिक अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्नेछन् । शुक्रबारकै प्रदेशसभा बैठकमा विषयगत समितिका सभापतिहरुले वार्षिक प्रतिवेदन पनि पेश गरेका थिए । बैठकमा प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफावार छलफलको लागि प्रदेश मामिला समितिमा पठाइएको छ ।

प्रदेशसभाका विषयगत ६ वटा समितिहरु रहेका छन् । प्रदेश मामिला समितिका सभापति छिरिङदोर्जे लामा, शिक्षा, स्वास्थ्य तथ कृषि समितिका सभापति ठाकुरप्रसाद ढकाल, उद्योग, पर्यटन, वन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठ, सार्वजनिक लेखा समितिका सभापति श्रीराम लामिछाने, अर्थ तथ विकास समितिका सभापति नुरज बज्राचार्य, विशेषाधिकार समितिका सभापति मायादेवी शर्माले वार्षिक प्रतिवेदन पेश गरेका हुन् ।

# १५ औं राष्ट्रपति रनिङशिल्डमा बागमती च्याम्पियन



साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ बागमती प्रदेश १५ औं राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८२ मा टिम च्याम्पियन भएको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजनामा सम्पन्न प्रतियोगितामा बागमती कुल ३६ स्वर्णसहित टिम च्याम्पियन भएको हो । तीनदिने प्रतियोगितामा सात रजत र ११ कास्यपदक जित्यो । प्रतियोगितामा एथलेटिक्समा सबैभन्दा धेरै २६ स्वर्णका लागि प्रतिष्पर्धा भएको थियो । त्यसमा बागमतीले १२ स्वर्ण जित्दै टिम च्याम्पियन बन्न बलियो साथ दिएको हो । गतवर्ष च्याम्पियन सुदूरपश्चिम प्रदेश दोस्रो स्थानमा सीमित भयो । सुदूर पश्चिमले १४ स्वर्ण, २० रजत र १८ कांस्य पदक जित्यो ।

स्थानीय तहबाट नै छनोट गरी युवा प्रतिभालाई प्रोत्साहन गर्ने उद्देश्यले २०६३ सालदेखि हुँदै आएको राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सात प्रदेशबाट कुल ६ सय ८६ खेलाडीले ६६ स्वर्ण, ६६ रजत र ९८ कांस्य गरी दुई सय ३० पदकका लागि प्रतिस्पर्धा गरेका थिए । यु-१८ वर्षमुनि उमेरसमूहका विद्यार्थीले प्रतिष्पर्धा गर्ने रनिङ शिल्डमा उसु, तेक्वान्दो, कराते, भलिबल, कबयी र एथलेटिक्स गरी कुल ६ खेलमा प्रतिस्पर्धा भएको थियो ।

लुम्बिनीले पाँच स्वर्ण, १३ रजत र १५ कास्यपदक प्राप्त गऱ्यो । त्यसपछि गण्डकी चौथो, कर्णाली पाँचौं, मधेश छैटौं र कोशी प्रदेश पुछारमा रह्यो । गण्डकी र कर्णालीले समान चार स्वर्णपदक प्राप्त गरे । गण्डकीले ११ रजत र १७ कास्य तथा कर्णालीले ६ रजत र १९ कास्यपदक जिते । मधेशले भने तीन स्वर्ण, दुई रजत र १० कास्य जित्यो । कोशी प्रदेश भने स्वर्ण पदकविहीन बन्यो । कोशीले समान सात रजत र आठ कास्यपदक जित्यो । टिम च्याम्पियन टोली तथा खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष ध्रुव आचार्य र सदस्यसचिव टंकलाल घिसिङ लगायतले पुरस्कृत गरेका थिए ।

**अनिशाले तोडिन् १८ वर्ष पुरानो कीर्तिमान**

बागमती प्रदेशकी अनिशा थारुले १५ औं राष्ट्रपति रनिङ केन्द्रीय खेलकुदअन्तर्गत एथलेटिक्सको छात्रा ट्रिपलजम्पमा शुक्रवार नयाँ जुनियर राष्ट्रिय कीर्तिमान बनाएकी छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा अनिशाले ११.२७ मिटर जम्प गर्दै कीर्तिमानी स्वर्ण जितिन् । अनिशाले २०६४ सालमा केशरी चौधरीले बनाएको १०.८० मिटरको कीर्तिमान भङ्ग गरेकी हुन् । लुम्बिनीकी पिन्जु चौधरीले रजत तथा कर्णालीकी सरिता शाही कास्यपदक जितेका छन् ।

यससँगै तीनदिने प्रतिस्पर्धामा कुल ९ वटा जुनियर राष्ट्रिय कीर्तिमान बने । पहिलो दिन २, दोस्रो दिन चार र अन्तिम दिन तीन कीर्तिमान बनेका हुन् । शुक्रबार छात्रा ट्रिपलजम्पसहित छात्र/छात्राको ४ गुणा १ सय मिटर रिलेमा गरी तीन कीर्तिमान बने ।

**कबड्डीमा बागमतीलाई दुई स्वर्ण**

शुक्रवार नै सम्पन्न फाइनलमा कबड्डीतर्फ छात्र र छात्रा दुवैमा बागमतीले स्वर्ण जित्यो । दुवै फाइनसमा बागमतीले लुम्बिनीलाई हराएको हो । छात्रामा सुदूरपश्चिम र कर्णाली तथा छात्रमा कोशी र मधेश प्रदेशले कास्यपदक जिते ।

**भलिबलमा सुदूर र गण्डकीलाई स्वर्ण**

भलिबलमा भने छात्रमा गण्डकीले स्वर्ण, लुम्बिनीले रजत र सुदूरपश्चिमले कास्यपदक जित्यो । छात्रामा सुदूरपश्चिमले स्वर्ण, लुम्बिनीले रजत र गण्डकीले काँस्य पदक जितेका छन् ।

# तालिमपछि रोजगारीमा जोडिने व्यवस्था गर्नुपर्छः मन्त्री महर्जन



साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले तालिम केवल तालिमका लागि मात्र नभई, तालिम दिइसकेपछि रोजगारीसँग जोडिने गरी सञ्चालन गर्नुपर्ने बताएका छन् ।

मकवानपुर महिला उद्यमी व्यवसायी संघको आयोजनामा तथा श्रम, रोजगार तथा यातायात मन्त्रालय र हेटौंडा उपमहानगरको सहआयोजनामा शुक्रबारदेखि सुरु भएको दुईदिने 'महिलाउद्यमी रोजगार मेला २०८२ तथा बागमती प्रदेशस्तरीय महिला उद्यमी व्यवसायी कार्यशाला गोष्ठी' मा मन्त्री महर्जनले यस्तो बताएका हुन् । मन्त्री महर्जनले तालिम दिइसकेपछि प्रत्यक्षरुपमा रोजगारीसँग आबद्ध हुने व्यवस्था भए श्रम मन्त्रालय सहकार्य गर्न तयार रहेको बताएका छन् । बागमती प्रदेशमा रोजगारी सिर्जनाका लागि आफूहरु लागिपरेको र सबैलाई सहकार्यका लागि अघि आउन उनले आग्रह गरेका छन् ।

उनले भने, 'बागमती प्रदेशका युवालाई कसरी स्वरोजगार बनाउने भन्नेबारे योजना बनाइरहेका छौं । देशमै रोजगारी सिर्जनाका लागि आगामी आर्थिक वर्षका लागि बागमती प्रदेश सरकारले विभिन्न रोजगारमुखी योजना अघि सारेको छ ।' त्यसैगरी, उनले उद्यमीले उत्पादन गरेका वस्तुको प्रवर्द्धन र बजारीकरणमा लाग्नुपर्ने पनि उल्लेख गरे । शुक्रबारदेखि सुरु भएको बागमती प्रदेशस्तरीय महिलाउद्यमी कार्यशाला गोष्ठी यही असार ३१ गतेसम्म हेटौंडामा सञ्चालन हुनेछ । कार्यशालाको उद्देश्य उद्यमशील महिलाले आफ्नो व्यावसायिक क्षेत्रमा भोग्दै आएका समस्याको पहिचान गर्नुका साथै लेखा तथा आन्तरिक राजस्व, बैंकिङ सेवा र व्यवसाय प्रवर्द्धन सम्बन्धी आवश्यक ज्ञान, जानकारी तथा सहजीकरण प्रदान गर्नु रहेको आयोजक संघकी अध्यक्ष शुशिला पाण्डे (मानन्धर) ले जानकारी दिइन् ।

कार्यशालामा बागमती प्रदेशका विभिन्न जिल्लाबाट महिला उद्यमीको उल्लेखनीय सहभागिता रहेको छ । श्रम मन्त्रालयका विज्ञ सल्लाहकार तुल्सी रिजाल विशिष्ट अतिथि थिए भने मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, होटल एशोसिएशन नेपालका केन्द्रीय सल्लाहकार भगीरथ शर्मा, घरेलु तथा साना उद्योग संघ मकवानपुरका अध्यक्ष कुमार पौडेल, मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजकुमार न्यौपाने लगायतको आतिथ्यता रहेको थियो ।

# भुटनदेवीमा क्याप्टेन र सहक्याप्टेनको निर्वाचन

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालय प्राविधिक शिक्षालयमा विध्यार्थी निर्वाचन २०८२ कक्षा को क्याप्टेन र सहक्याप्टेनको निर्वाचन भएको हो ।

स्थानीय निर्वाचन झल्काउने प्रकारको यो निर्वाचनमा कक्षा ६ देखि १० सम्मका जम्मा १२५७ जनाको सहभागिता रहेको थियो । विद्यार्थीको नेतृत्व चयनको निर्वाचन सम्पन्न भएको छ । भुटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक माधवप्रसाद दाहालको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवाल प्रमुख अतिथि एवम् हेटौंडा उपमहानगर पालिका-४ नम्बर वडाअध्यक्ष तथा भुटनदेवी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नबीन सिग्देलको विशेषअतिथि रहेका थिए ।

उद्घाटन कार्यक्रममा अध्यक्ष सिग्देलले मुलुक लोकतान्त्रिक अभ्यासमा रहेको हुँदा विद्यालयबाटै सही नेतृत्व छान्न, विद्यार्थीको शिक्षालगायत चौतर्फी विकास, प्रगति साथै लोकतन्त्रको कति महत्वछ भन्ने कुरा यो निर्वाचनले पुष्टि गरेको बताए । कार्यक्रममा प्रमुख निर्वाचिन अधिकृत संगीता उप्रेती, विद्यालय व्यवस्थापन समिति सदस्य नारायण तिमल्सिना, विद्यालयका शिक्षकको उपस्थिति रहेको थियो ।

# कैलाश बन्यो पूर्णखोप सुनिश्चित पालिका



साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ मकवानपुरको विकट कैलाश गाउँपालिका पूर्णखोप सुनिश्चिता तथा दिगोपना गाउँपालिका घोषणा भएको छ ।

शुक्रबार एक समारोह बीच बागमती प्रदेशका प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरेका हुन् । खोपसँगै पूर्णसंस्थागत गर्भजाँच गाउँपालिका पनि घोषणा गरिएको हो । पूर्णखोप गाउँपालिका सुनिश्चित गर्ने राष्ट्रिय पूर्णखोप निर्देशिका बमोजिम यही जेष्ठ २५ गतेसम्ममा १६ महिनादेखि २३ महिनासम्मका सबै बालबालिकालाई १५ महिनाको उमेरभित्र पाउनुपर्ने सबै खोप प्राप्त गरेकोले कैलाशले पहिलोपटक सुनिश्चिताको घोषणा गरेको हो ।

जिल्ला पूर्णखोप समन्वय समितिको सचिवालयले पूर्णखोप सुनिश्चिता गाउँपालिकाको प्रमाणपत्र प्रदान गरेसँगै कैलाशलाई घोषणा गरिएको हो । खोप समन्वय समिति गाउँपालिका संयोजक एवम् पालिका अध्यक्ष लोकबहादुर मुक्तानको सभाध्यक्षता तथा प्रदेशसभा सदस्य बानियाँको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा ४२ जना स्वास्थ्यकर्मीलाई प्रशंसापत्र प्रदान गरिनुका साथै वडाका १० वटा स्वास्थ्यचौकी, ७ वटा स्वास्थ्य र शिक्षाक्षेत्रका काम गर्ने संघसंस्थालाई सम्मान गरिएको थियो । कार्यक्रममा पत्रकार गणेश दुलाललाई नगद सहित सम्मान गरिएको थियो ।

सोही अवसरमा खोप कार्यमा सक्रिय रहेका उत्कृष्ट तीन स्वास्थ्यकर्मीलाई सम्मान गरिएको थियो भने तीन उत्कृष्ट स्वास्थ्यचौकीलाई पनि सम्मान गरिएको थियो । गाउँपालिका घोषणा अघि बैशाखको अन्तिम सातामा पूर्णखोप वडा सुनिश्चित घोषणा गरिएको थियो । कार्यक्रममै वडा घोषणा भएको प्रमाणपत्र वडाध्यक्ष र स्वास्थ्यचौकी प्रमुखलाई सम्मानपत्र प्रदान गरिएको थियो । भौगोलिक दृष्टिले विकटता रहेको गाउँपालिका स्वास्थ्य र शिक्षाको क्षेत्रमा विस्तारै फड्को मार्दै आइरहेको छ ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल, जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा वडा १ का अध्यक्ष तेजबहादुर ब्लोन, २ का वडाध्यक्ष राजेन्द्र घिसिङ, ३ का वडाध्यक्ष देवलाल बल, वडा ६ का वडाध्यक्ष रामबहादुर गोम्बा, वडा ७ का वडाध्यक्ष उदासकुमार भोलन, वडा ८ का वडाध्यक्ष आशिष प्रजा, वडा ९ का अध्यक्ष भूवनसिं घलान, वडा १० का अध्यक्ष सूर्यबहादुर ब्लोन, जिल्ला खोप फोकल पर्सन बासुदेव रिमाल, विभिन्न राजनीतिक दलका प्रतिनिधि, विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिको आतिथ्यता रहेको थियो । कार्यक्रममा स्वास्थ्यकर्मी, विद्यालयका प्रअ, स्थानीयको सहभागिता रहेको थियो ।

# २२ महिनामा ४७ जना व्यवसायीविरुद्ध मुद्दा दायर

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय हेटौंडाले पछिल्लो २२ महिनामा ४७ जना व्यवसायीविरुद्ध मुद्दा दायर गरेको छ ।

कार्यालय र मातहतका विभिन्न डिभिजन कार्यालयबाट गरिएको अनुगमन तथा संकलित नमूनाको परीक्षणबाट देखिएको कैफियताका आधारमा उनीहरुविरुद्ध मुद्दा दायर गरिएको हो । कार्यालय प्रमुख काशीनाथ घिमिरेका अनुसार चालु आर्थिक २०८१/८२ गरिएको अनुगमन तथा संकलित नमूनाको परीक्षणबाट देखिएको कैफियतका आधारमा तीनजना व्यवसायीविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तर ऐन अन्तर्गत मुद्दा दायर गरिएको हो । कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ४४ जना व्यापारी विरुद्ध मुद्दा दायर गरेको थियो ।

अनुगमनका क्रममा संकलन गरिएको नमूना परीक्षणका क्रममा स्वास्थ्यप्रतिकुल हुने गरी मिसावट गर्ने, म्याद गुज्रेको समान बिक्री गर्ने व्यवसायीविरुद्ध सम्बन्धित जिल्लाको जिल्ला अदालतमा मुद्दा दायर गरिएको प्रमुख घिमिरेले जानकारी दिएका छन् । आर्थिक वर्ष २०८१/८२ मा कार्यालयले खाद्य अनुज्ञापत्र सिफारिस, जारी तथा नवीकरण ४ सय ८३ वटा, दाना अनुज्ञापत्र सिफारिस जारी तथा नवीकरण १८ वटा, ऐन बमोजिम खाद्य तथ दाना नमूना संकलन ९० वटा र खाद्यस्वच्छता सर्भिलेन्सका लागि १८३ संकलन गरी नमूना विश्लेषण गरिएको प्रमुख घिमिरेले बताएका छन् ।

नमूना विश्लेषण गर्दा प्रतिकुल आएका ८५ नमूनालाई नियामनुसार कानुनी प्रक्रियाअघि बढाउने, पुन:जाँच गराई मापदण्ड अनुरुप सुधार गर्न लगाउने तथा व्यवसायीलाई सजग गराई प्रतिबद्धता गर्न लगाइएको प्रमुख घिमिरेको भनाइ छ । यो अवधिमा गरिएको अनुगमन, निरीक्षण तथा न्यायिक निकायबाट फैसला कार्यान्वयनका क्रममा उपभोग्य अवधि समाप्त भएका, लेवल विवरण नभएका, सडेगलेका लगायतका अखाद्य भएका ११ लाख ३३ हजार मूल्य बराबरको सामान जफत गरी सरोकारबालाको रोहबरमा नष्ट गरिएको प्रमुख घिमिरेको भनाइ छ ।

होटल तथा रेष्टुरेन्टको स्तरीकरण गर्न जनप्रतिनिधि, होटल व्यवसायी तथा सञ्चारकर्मीको रोहबरमा सौरहा चितवन लगायतका स्थानमा सञ्चालित १३ वटा होटल तथा रेष्टुरेन्टकलाई स्तरीकरण तथा लोगो वितरण गरिएको छ । कार्यालयले विभिन्न कार्यक्रम गरी जेठ १८ गतेदेखि २४ गतेसम्म विश्व खाद्य स्वच्छता दिवस मनाएको छ ।

# अपाङ्गता भएका व्यक्तिलाई बाख्रा र सहायक उपकरण वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/थाहा नगरपालिकाले अपाङ्गता भएका व्यक्तिको जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले ३६ जनालाई प्रजनन्योग्य माउबाख्रा वितरण गरेको छ ।



पालिकाले 'समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम' अन्तर्गत 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिलाई तालिम सहित बाख्रा वितरण गरेको हो । यस कार्यक्रमलाई थाहा नगर पालिकाको आर्थिक सहयोगमा सञ्चालन गरिएको हो । थाहा नगर पालिकास्तरीय अपाङ्गता समन्वय समितिका अध्यक्ष मनलाल गोपालीका अनुसार मध्यम र सामान्य श्रेणीमा पर्ने अपाङ्गता भएका व्यक्तिलाई उनीहरुको वडाअनुसार माग संकलन गरी बाख्रा प्रदान गरिएको हो ।

बाख्रा वितरण कार्यक्रमलाई थाहा नगरपालिकाको महिला, बालबालिका, ज्येष्ठनागरिक तथा अपाङ्गता शाखाकी प्रमुख प्रतिमा मोक्तानले कार्यक्रम सानो भएपनि दीर्घकालीनरुपमा प्रभावकारी हुने विश्वास व्यक्त गर्दै, 'यो एउटा सानो बीउ पूँजी हो, जसले ठूलो परिवर्तन ल्याउन सक्छ,' भनिन् । कार्यक्रममा अपाङ्गता सरोकार केन्द्रबाट कृत्रिम खुट्टा एक जनालाई, कृत्रिम हात दुई जनालाई, वैशाखी आठ जनालाई र ह्विलचेयर दुई जनालाई प्रदान गरिएको अपाङ्गता सरोकार केन्द्रका अध्यक्ष गणेश दवाडीले जानकारी दिए ।

२०७८ सालको जनगणना अनुसार बागमती प्रदेशमा १ लाख २४ हजार १ सय जना अपाङ्गता भएका व्यक्ति रहेका छन् । स्थानीय तहबाट यस्ता कार्यक्रमले अपाङ्गता भएका समुदायलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने सरोकार वाला बताउँछन् ।

नेपाल सरकार
गृह मन्त्रलय
**बागमती प्रदेश प्रहरी कार्यालय**
हेटौंडा, मकवानपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !**

*प्रकाशित मिति: २०८२।०२।३१*

यस कार्यालयबाट मिति २०८१।१२।३१ गतेको साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिद्धारा मूल्याङ्कन हुँदा तपसिल बमोजिमको निर्माण कार्यको लागि देहायमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद (पहिलो संशोधन) ऐन २०६३ को दफा २७ (०१) अनुसारको कारबाही एवं दफा २७ (०२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| S.N. | IFB No: | Description of Work | Bidder's Name | Bid Price Rs. (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | NCB/BPPO/02/ 2081/082 | Construction of Police Hospital Main Building, Compound wall, Staff Quarter and Allied works at Bagmati Province Police Hospital, Hetauda Makwanpur. | Earth Designers and Developers Pvt. Ltd., Hetauda-06, Makwanpur | 8,03,71,738.49 |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना